# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

## जिउँदो च्याङ्ग्रा ढुवानी सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

**प्रकाशित मिति २०७७।०६।०९**

२०७७ सालको वडा दशैको लागि यस कम्पनीको शाखा कार्यालय जोमसोममा खरिद भएका जिउँदो च्याङ्ग्रा तपशिलका स्थान देखि काठमाडौं सम्म ढुवानी कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका , आ.व. २०७५।०७६ सम्मको कर चुक्ता गरेका इच्छुक फर्म तथा कम्पनीहरुबाट तपशिलमा उल्लेख भए बमोजिम रीतपूर्वकको गोप्य शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ । जिउँदो च्याङ्ग्रा ढुवानी सम्वन्धि शर्तहरु दरभाउपत्र र सम्झौतामा उल्लेख भए बमोजिम हुने छ । शिलवन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट यस सम्वन्धित कार्य गरिने छ । यस सूचनामा उल्लेख नभएका अन्य विषयको सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**दरभाउपत्र दस्तुर रु १०००/–(फिर्ता नहुने गरी)**

| क्र सं | ढुवानी गरिने चौपायाको विवरण | ढुवानी गर्नु पर्ने स्थान (सेक्टर) | | ढुवानी गरीने अनुमानित संख्या | धरौटी रकम | शिलवन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र कार्यालय | शिलवन्दी दरभाउपत्र दाखिला गर्ने र खोल्ने मिति, समय र कार्यालय |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | | |
| १ | जिउँदो च्याङ्ग्रा ढुवानी गर्ने | म्याग्दीको बेनी (गलेश्वर) | प्रादेशिक कार्यालय काठमाण्डौं | **१००० गोटा** | **२५०००।–** | मिति २०७७।०६।२३ खरिद एकाई प्रधान कार्यालय काठमाडौं प्रादेशिक कार्यालय थापाथली काठमाडौं । | मिति २०७७।०६।२५ गते १२:०० बजे भित्र खरिद एकाई प्रधान कार्यालय काठमाडौंमा दर्ता गर्ने र सोही दिन दिनको २:०० बजे खोलिने छ । |

**नोट :**

१. स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको ५ (पाँच) दिन भित्रमा ढुवानी सम्झौता गरी कम्पनीले तोकेको दिनमा नै सम्वन्धीत स्थानबाट च्याङ्ग्रा लोड गरी काठमाडौं ल्याउनु पर्नेछ ।

२. स्वीकृत पहिलो दरभाउपत्रदाताले समयमा च्याङ्ग्रा लोड गर्न नसक्ने अवस्था देखिएमा तत्काल निजसंग सम्झौता भंग गरी क्रमशः दोश्रो, तेश्रो दरभाउपत्रदाताद्वारा ढुवानी गर्ने व्यवस्था मिलाईने छ र यसमा पहिलो दरभाउपत्रदाताको कुनै प्रकारको उजुरी वा गुनासो मान्य हुने छैन ।

३. बजार माग र कम्पनीको आवश्यकता अनुसार खरिद गरी ढुवानी गरिने च्याङ्ग्राको परिमाण थपघट गर्न सकिने छ ।

खरिद एकाई, प्रधान कार्यालय, काठमाडौं, फोन नं ०१(४२५५८६५) , website: www.fmtc.org.np